जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.फौ.नं.२३/२५ (विविध)

दर्ता मिति :– २०७०/०४/१६

मुद्दा :– **सवारी अंगभंगको क्षतिपूर्ति ।**

निर्णय नं.२११९ , मिति :– २०७१/११/१७

| वादी | प्रतिवादी |
| --- | --- |
| शैलजा श्रेष्ठ (लामा) को जाहेरीले<br>नेपाल सरकार.......... .........१<br>निजको प्रमाण.................................<br>साक्षीः राजेन्द्र तामाङ<br>कागज......................................... | रामचन्द्र अधिकारीको छोरा, धादिङ जिल्ला, त्रिपुरेश्वर गा.वि.स. वडा नं. ६ घर भई हाल का.जि.,का.म.न.पा.-१६ नयाँ वजार बस्ने वर्ष २९ को दिनेश अधिकारी.............................................१<br>जगतनारायण श्रेष्ठको छोरा दोलखा जिल्ला, भिमेश्वर नगरपालिका वडा नं.२ घर भई हाल जाउलाखेल बस्ने वर्ष ३८ को राजन श्रेष्ठ..१<br>निजको प्रमाण<br>साक्षी ..............................................<br>कागज .............................................. |

**यस कार्यालयबाट बुझेको प्रमाण**

साक्षी.......................................

कागज ----------------------------

**सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ को दफा १६३(२) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. मिति २०७०।३।२१ गते मेरो पति राजेन्द्र तामाङ साथीलाई भेट्न थानकोट गई वा ३१ प २९७० नं.को मोटरसाइकलमा काठमाण्डौं तर्फ आउने क्रममा करिव २१.४५ बजेको समयमा काठमाण्डौ जिल्ला सतुङ्गलस्थित सिप्रदी ट्रेडिङ्ग अगाडि आई पुग्दा निजलाई सवारी साधनले ठक्कर दिई सख्त घाइते वनाएकोले थाह पाई अस्पताल गई हेर्दा गम्भीर अवस्थामा उपचार भई रहेको देखी भोली पल्ट पाटन अस्पतालमा लगी उपचार गराई हाल जनमैत्री अस्पताल, बालाजुमा उपचार भई रहेको छ । मेरो श्रीमान्को बाँया खुट्टा भाचिई अंगभंग समेत भएको छ । घटना सम्वन्धमा श्रीमान्सँग बुझ्दा दिनेश अधिकारीले चलाई ल्याएको बा १० च ५९९३ नं.को जिपले ठक्कर दिई निजको खुट्टा किची घाइते अवस्थामा छाडि गाडी लिई फरार भएको भन्ने कुरा थाह भएकोले दुर्घटना गर्ने गाडी तथा

चालक समेतलाई कानून बमोजिम कारवाही गरी औषधि उपचार खर्च समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको शैलजा श्रेष्ठ (लामा) को जाहेरी दरखास्त ।

२. म धादिङबाट प्रेश चौतारीको कार्यक्रम सकी काठमाण्डौंतर्फ आउदै गर्दा का.जि.सतुङ्गल सिप्रदी ट्रेडिङ्ग अगाडि आई पुग्दा प्रतिवादीहरुमध्ये राधे भन्ने राधाकृष्ण भण्डारी, राजेन्द्र तामाङ समेतका व्यक्तिहरुले मैले चलाई ल्याएको वा १० च ५९९३ नं.को गाडी मोटरसाइकलले छेकी एक्कासी खुकुरी, गोली, बन्दुक समेतले गाडी तोडफोड गर्न थालेकोले आँफु बच्ने उद्धेश्यले गाडी अगाडि बढाउने क्रममा मैले चलाएको गाडी अगाडी एउटा मोटरसाइकल आएकोले मैले चलाएको वा १० च ५९९३ नं.को जिपले ठक्कर दिदा गाडीको स्टार्ट बन्द भई म भागी फरार भएको हो । मैले जानाजान दुर्घटना गराएको होइन, पछि थाह पाउदा मैले चलाएको गाडीले वा ३१प २९७० नं.को मोटरसाकललाई ठक्कर दिई राजेन्द्र तामाङ घाइते भएका रहेछन् भन्ने समेत व्यहोराको प्रतिवादी दिनेश अधिकारीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

३. घाइतेको वाया Femur भाँचिएको तथा ठूलो घाउ समेत भएको, हाल अप्रेशन भई घाउ निको भइरहेको तर हड्डी जोड्न बाँकी भएकोले अर्को अप्रेशन पनि गर्नु पर्ने भएको छ र अझै केही समय अस्पतालमा नै राखी उपचार गराउनु पर्ने भएकोले ३५ दिन भित्र घाउ निको हुने नहुने भन्न नसकिने भन्ने समेत व्यहोराको जनमैत्री अस्पताल काठमाण्डौंको पत्रसाथ घाउ जाँच केश फारामको प्रतिलिपि ।

४. बा १० च ५९९३ को गाडीको मेकानिकल चेकजाँच गरी पेश हुन भन्ने आदेशानुसार उक्त गाडी चेकजाँच गर्दा सो गाडीको क्लच ठीक अवस्थामा रहेको, स्ट्रिङ ठीक अवस्थामा रहेको, ब्रेक ठीक अवस्थामा रहेको, अगाडिको दाँया हेडलाइट फुटेको, अगाडिको दाया मोटरगार्ड फुटेको, दाँया साइडको लुकिङ ग्लासको कभरमा प्वाल परी सिसा फुटेको, ड्राइभर साइडको ढोकाको शिसा फुटेको, गाडीको सम्पूर्ण शिसाहरु फुटेको, गाडीको विभिन्न भागमा धारिलो हतियारले काटिएको जस्तो डाम भएको, हर्न ठीक अवस्थामा रहेको, गाडी राम्रोसँग चल्न सक्ने अवस्थामा नरहेको भन्ने समेत व्यहोराको मेकानिकल जाँच प्रतिवेदन ।

५. म तथा जाहेरवाला दिनेश अधिकारी, दुर्गा राई, विजय सुनार, निरन्जन पौडेल समेत धादिङमा एमालेको कार्यक्रम भएकोले मिति २०७०।३।२१ गते जाहेरवाला दिनेश अधिकारीको वा १० च ५९९३ नं.को गाडीमा धादिङ गई कार्यक्रम सकी बेलुका काठमाण्डौं तर्फ आइरहेकोमा का.जि. सतुङ्गलस्थित सिप्रदी ट्रेडिङ्ग अगाडि आई पुग्दा ३०/३५ वटा मोटरसाइकलहरुले बाटो छेकी हामीहरुलाई ढुगां, इट्टा, खुकुरी, पेस्तोल समेत प्रहार गरी आक्रमण गर्दा जाहेरवाला दिनेश अधिकारीले चलाएको गाडी मोटरसाइकलसँग ठक्कर लागि गाडीको स्टार्ट बन्द भएपछि निज गाडीबाट भागी फरार भएका हुन्, त्यसपछि म गाडीको सिटबाट अगाडि आई गाडी चलाई का.जि. नयाँबजारमा लगी गाडी राखी टिचिङ अस्पताल गई घाइते दिनेश अधिकारीलाई उपचार गराएको हो । जाहेरीमा उल्लेखित प्रतिवादीहरुमध्ये राधे भन्ने राधाकृष्ण भण्डारी, समिरमान बस्नेत, गोपिकृष्ण भण्डारी, शिव थापा, राजेन्द्र तामाङ समेतका व्यक्तिहरुले नै जाहेरवालालाई आक्रमण गरी पेस्तोल फायर गरी गम्भीर चोट पुर्‍याई ज्यान मार्ने उद्योग गरेको हुँदा निजहरु उपर कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको सुवर्ण श्रेष्ठ समेतले गरी दिएको घटना विवरण कागजको प्रमाणित प्रतिलिपि ।

६. का.जि. सतुङ्गल वडा नं.९(ख) मा कलंकी थानकोटको पक्की सडकको चौडाई ४२ फिट रहेको, उक्त सडकको दक्षिण सडकको किनारको पिचको भाग देखी ९ फिट उत्तर तर्फ गाडीको सिसाको टुक्राहरु र गाडीको बम्पट थान २ रहेको । सो स्थान देखी २० फिट पूर्व सडकको दक्षिण किनारमा वा३१प २९७० नं. को मोटरसाइकल रहेको, सोही मोटरसाइकल छेउमा बिंड नभएको १ फिट ५ इन्च लम्वाईको खुकुरी थान १ फेला परेको, सिसाको टुक्राहरु रहेको स्थानदेखि ५० मिटर पश्चिम तर्फ सडकको बीच भागमा ९१९ MFS २००० लेखिएको पेस्तोलमा लाग्ने गोलीको खोका थान १ फेला परेको ठीक हो भन्ने समेत व्यहोरको घटनास्थल मुचुल्काको प्रमाणित प्रतिलिपि ।

७. मेरो जाहेरीले वादी नेपाल सरकार प्रतिवादी वा १० च ५९९३ नं. को गाडी चालक चरी भन्ने दिनेश अधिकारी भएको सवारी अंगभंग मुद्दाको अनुसन्धानको क्रममा हालसम्म घाइते मेरो श्रीमान् राजेन्द्र तामाङको जनमैत्री अस्पताल, बालाजुमा उपचार भईरहेको र हालसम्म उपचारको क्रममा रु २,९३,७१८।- लागेको र थप उपचार समेत गर्नु पर्ने भनी सोही अस्पतालले लेखिदिएको हुँदा उक्त अस्पतालको पत्र समेतका थान ५० बीलको फोटोकपी समेतका कागजातहरुको फोटोकपी थान २९ यसै निवेदनसाथ पेश गरेको छु, प्रमाण लगाई कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको शैलजा श्रेष्ठ लामाको निवेदन ।

८. दुर्घटना गर्ने गाडी तथा चालक समेतलाई कानून बमोजिम कारवाही गरी औषधि उपचार खर्च समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको शैलजा श्रेष्ठ (लामा) को जाहेरी दरखास्त । प्रतिवादी दिनेश अधिकारीले अनुसन्धानका क्रममा गरेको वयान, घटनास्थल मुचुल्का, बुझिएका मानिसहरुले गरी दिएको कागज समेतका आधार प्रमाणहरुबाट मिति २०७०।३।२१ गते काठमाण्डौ जिल्ला सतुङ्गलस्थित सिप्रदी ट्रेडिङ्ग अगाडि दिनेश अधिकारीले चलाएको वा १० च ५९९३ नं.को जीपको ठक्करबाट वा ३१ प २९७० नं. को मोटरसाइकलमा सवार राजेन्द्र तामाङ घाइते भई निजको बाँया खुट्टा भाँच्चिन गएको र सवारी धनीका तर्फबाट घाइतेले पाउनु पर्ने उपचार खर्च रकम हालसम्म पाएको नदेखिएकाले बील बमोजिमको उपचार खर्च रकम रु. २,९३,७९८।- र अव लाग्ने उपचार खर्च एवं क्षतिपूर्ति रकम समेत सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१) ख र १६३(२) बमोजिम प्रतिवादी दिनेश अधिकारी र राजन श्रेष्ठ समेतबाट घाइते पिडितलाई दिलाई भराई पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

९. *म समेतका साथीहरु मिति २०७०।३।२१ गते धादिङबाट काठमाण्डौं आउने क्रममा राती करिव १०.०० बजेतीर सतुङगल, सिप्रदी ट्रेडिङ्गको नजिक आई पुग्दा राधाकृष्ण भण्डारी समेतका व्यक्तिहरुले मलाई गोली हान्दा मेरो दाहिने पाखुरामा गोली लागेको छ । सो गोली हान्ने समूहमा यो अभियोगमा घाइते भनिएका जाहेरवालीका पति राजेन्द्र तामाङ पनि थिए । जुन कुरा मैले काठमाण्डौं जिल्ला अदालतमा चलिरहेको मेरै जाहेरी र यी व्यक्ति समेत प्रतिवादी भएको ज्यानमार्ने उद्योग मुद्दाबाट समेत प्रष्ट हुन्छ । मलाई गोली हान्ने मुख्य व्यक्ति राधाकृष्ण भण्डारीले समेत सो अदालतमा गरेको वयानमा खुलाई दिएका छन् । यसरी मलाई गोली हान्ने क्षणमा निज राजेन्द्र तामाङले बाटोमा मोटरसाइकल तेर्साएका कारण मैले गाडी रोकें, सोही बखत गोली हान्ने र खुकुरी समेत प्रहार गरी त्यस बखतमा आत्तिएर गाडी अनियन्त्रित भई ठोकिएको होला, मलाई थाह छैन । म आफ्नो ज्यान बचाउन तीर लागें । संयोगबस गोली पाखुरामा लागी बाचें । हाल घाइते अवस्थामा छु । मैले दुर्घटना गराई निज राजेन्द्र तामाङ घाइते भएको नभई निजहरुले आक्रमण गरी मलाई घाइते वनाएकाले गाडी अनियन्त्रित भई ठोकिन गएको अवस्थामा मैले क्षतिपूर्ति बुझाउनु पर्ने होइन । अभियोगबाट फुर्सद पाँउ* भन्ने समेत व्यहोराको प्रतिवादी दिनेश अधिकारीले यस कार्यालयमा गरेको वयान ।

१०. यसमा प्रतिवादी दिनेश अधिकारीले वयान गर्दा आक्रमणमा परी गाडी अनियन्त्रित भई ठोकिई राजेन्द्र तामाङ घाइते भएकाले क्षतिपूर्ति तिर्नु पर्ने होइन भनी वयान गरेका भएता पनि पेश भएका बील भरपाई र अभियोग समेतलाई तत्काले अन्यथा भन्न सकिने अवस्था देखिएन । तसर्थ पछि ठहरे बमोजिम हुने गरी माललाई यी प्रतिवादी दिनेश अधिकारीसँग मु.ऐ.अ.वं.११८ को देहाय ५ बमोजिम रु १,५०,०००।- ( एकलाख पचास हजार ) धरौटी नगदै वा सो वरावरको जेथा जमानत लिई तारेखमा राख्नु । दिन नसके थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७०।४।१७ मा भएको आदेश बमोजिम प्र. दिनेश अधिकारीले नगदै धरौट राखी तारेखमा बसेका रहेछन् ।

११. *मिति २०७०।३।२१ गते दिनेश अधिकारीले चलाई ल्याएको वा १० च ५९९३ नं.को जीप मैले मिति २०७०।२।१ मा नै निजको दाजु ध्रुव अधिकारीलाई रकम पुरै चुक्ता गरेपछि नामसारी गर्न गरी मासिक रु १,१०,०००।- अन्य खर्च बाहेक बुझाउने गरी भाडामा दिएको सवारी साधन हो ।*

*उक्त सवारीले गर्ने सबै प्रकारका क्षति एवं दुर्घटना सवारी चालक एवं भाडामा लिने व्यक्ति नै हुने हुन्छ । उक्त मितिमा पाना-२ मा शर्तहरु उल्लेख गरी भएको सम्झौताको फोटोकपी यसैसाथ फायलमा संलग्न गरी पाउँ । उक्त दुर्घटनाबाट अंगभंग भएको सम्पूर्ण क्षतिको जिम्मेवार म नभई सम्झौता गर्ने व्यक्ति र चालक हुनु पर्ने हो* भन्ने समेत व्यहोराको अर्का प्रतिवादी राजन श्रेष्ठले यस कार्यालयमा गरेको वयान ।

१२. यसमा प्रतिवादी राजन श्रेष्ठले उक्त गाडी दिनेश अधिकारीको दाजु ध्रुर्व अधिकारीलाई कागज गरी पुरै रकम दिएपछि नामसारी हुने गरी विक्रीको कागज गरी दिएको भनी सो को फोटोकपी संलग्न गरी वयानका क्रममा खुलाएबाट ठक्कर दिने सवारीको तथ्यगत धनी ध्रुव अधिकारी नै देखिएकाले पछि प्रमाण बुझ्दै जादा ठहरे बमोजिम हुने गरी हाल यी प्रतिवादी राजन श्रेष्ठलाई मु ऐ अ.वं.४७ नं बमोजिम तारेखमा राख्नु भन्ने समेत व्यहोराको यस कार्यालयको मिति २०७१।९।९ को आदेश ।

१३. मिति २०७१।४।२१ गते काठमाण्डौं जिल्ला, भिमढुङ्गा गा.वि.स.वडा नं.६ स्थित सडकमा पुग्दा एकजना शंकास्पद व्यक्ति बा ४९ प ३११२ नं.को मोटरसाइकलमा फुल हेलमेट लगाई धादिङ तर्फ जादै गरेको व्यक्तिलाई शंका लागि रोक रोक भनी रोक्न खोज्दा अचानक प्रहरी कर्मचारी माथि लक्षित गरी फायर खोले पश्चात प्रहरी कर्मचारीबाट आत्म रक्षाको लागि जवाफी फायर हुदा निज व्यक्ति घाइते भई तत्काल उपचारार्थ अस्पताल तर्फ लैजान पहल गर्दा गर्दै निज चरी भन्ने दिनेश अधिकारीको घटनास्थलमा मृत्यु भएको व्यहोरा जानकारी सो कार्यालयको च.नं.२६४४, मिति २०७१।१०।०५ को पत्र ।

१४. मिति २०७०।३।२१ गते का.जि. सिप्रदी ट्रेडिङ्ग अगाडि सतुङ्गलमा प्रतिवादी दिनेश अधिकारीले चलाएको कारले मैले चलाएको वा ३१ प २९७० नं.को मोटरसाइकललाई ठक्कर दिई घाइते वनाई मेरो वाया खुट्टा समेत भाचिई उपचारमा रहेको अवस्थामा श्रीमती शैलजा श्रेष्ठ( लामा ) ले जाहेरी दिएकोमा अभियोग-पत्र पेश हुदाका समयमा रु २,९३,७१८।- उपचारमा खर्च भएको र सो पछि थप उपचारका क्रममा मेरो खुट्टाको अप्रेशन समेत भई थप रु १,५०,०००।- भन्दा बढी रकम खर्च भएको थियो । मैले हालसम्म उपचार खर्च वापत केही रकम पनि पाएको छैन । मैले पाउने उपचार खर्च रकम दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको जाहेरवालाका पति एवं घाइते राजेन्द्र तामाङले यस कार्यालयमा गरेको वकपत्र ।

## ठहर

१५. यसमा मिति २०७०।३।२१ गते जाहेरवाली शैलजा श्रेष्ठ (लामा) का पति राजेन्द्र तामाङ साथीलाई भेट्न का.जि., थानकोट गई वा २१ प २९७० नं. को मोटरसाइकलमा काठमाण्डौं तर्फ फर्कि आउने क्रममा अं.२१.४५ वजेको समयमा काठमाण्डौ जिल्ला, सतुङगल सिप्रदि ट्रेडिङ्ग अगाडि प्रतिवादी दिनेश अधिकारीले चलाएको वा १० च ५९९३ नं.को जिपले ठक्कर दिई खुट्टा किची घाइते वनाई फरार रहेकाले दुर्घटना गर्ने गाडी तथा सवारी चालकलाई कानून बमोजिम कारवाही गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३(१)(ख) र १६३(२) बमोजिम औषधि उपचार खर्च एवं क्षतिपूर्ति रकम समेत विरुद्धखण्डका प्रतिवादी चरी भन्ने दिनेश अधिकारी र राजन श्रेष्ठ समेतबाट घाइते पिडितलाई दिलाई भराई पाउ भन्ने व्यहोराको अभियोग माग दावी रहेछ ।

१६. यसमा निम्न प्रश्नहरुमा निर्णय दिनु पर्ने देखिन आएको छ :-

(क) घाइते/पिडितले सवारी अङ्ग भङ्ग वापतको औषधि उपचार खर्च/क्षतिपूर्ति दिलाई भराई पाउनु पर्ने हो होइन ?

(ख) औषधि उपचार खर्च/क्षतिपूर्ति दिलाई भराई पाउनु पर्ने भए को कसबाट के कति औषधि उपचार खर्च/क्षतिपूर्ति रकम दिलाई भराई पाउनु पर्ने हो ?

१७. मिसिल संलग्न कागजातहरु अध्ययन गरी अब पहिलो प्रश्न तर्फ बिचार गर्दा मिति २०७०।३।२१ गते मेरो पति राजेन्द्र तामाङ साथीलाई भेट्न थानकोट गई वा ३१ प २९७० नं.को मोटरसाइकलमा काठमाण्डौं तर्फ आउने क्रममा करिव २१.४५ बजेको समयमा काठमाण्डौ जिल्ला सतुङ्गलस्थित सिप्रदी ट्रेडिङ्ग अगाडि आई पुग्दा निजलाई सवारी साधनले ठक्कर दिई सख्त घाइते वनाएकोले थाह पाई अस्पताल गई हेर्दा गम्भीर अवस्थामा उपचार भई रहेको देखी भोली पल्ट पाटन अस्पतालमा लगी उपचार गराई हाल जनमैत्री अस्पताल, बालाजुमा उपचार भई रहेको छ । मेरो श्रीमान्को बाँया खुट्टा भाँच्चिई अंगभंग समेत भएको छ । घटना सम्वन्धमा श्रीमान्सँग बुझ्दा दिनेश अधिकारीले चलाई ल्याएको बा १० च ५९९३ नं.को जिपले ठक्कर दिई निजको खुट्टा किची घाइते अवस्थामा छाडी गाडी लिई फरार भएको भन्ने कुरा थाह भएकोले दुर्घटना गर्ने गाडी तथा चालक समेतलाई कानून बमोजिम कारवाही गरी औषधि उपचार खर्च समेत दिलाई भराई पाउँ भन्ने दावी सहितको जाहेरी दरखास्त परेको र प्रतिवादी दिनेश अधिकारीले चलाएको कारले मैले चलाएको वा ३१ प २९७० नं. को मोटर साइकललाई ठक्कर दिई घाइते वनाई मेरो वाँया खुट्टा समेत भाँच्चिई उपचारमा रहेको अवस्थामा श्रीमती शैलजा श्रेष्ठ (लामा) ले जाहेरी दिएकोमा अभियोग-पत्र पेश हुँदाका समयमा रु २,९३,७१८।- उपचारमा खर्च भएको र सो पछि थप उपचारका क्रममा मेरो खुट्टाको अप्रेशन समेत भई थप रु १,५०,०००।- भन्दा बढी रकम खर्च भएको थियो । मैले हालसम्म उपचार खर्च वापत केही रकम पनि पाएको छैन । मैले पाउने उपचार खर्च रकम दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको जाहेरवालीका पति एवं घाइते राजेन्द्र तामाङले यस कार्यालयमा बकपत्र गरेको देखिन आयो । उक्त वारदातसँग सम्बन्धित यसै लगाउको स.वा.फौ.मि.नं.२६/५१ को हातहतियार खरखजाना मुद्दामा यी घाइते राजेन्द्र तामाङलाई प्रतिवादी बनाइएको देखिंदैन ।

१८. अभियोग पत्रमा दावी लिइएको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ (१) मा *सवारी दुर्घटनाबाट कुनै पनि किसिमको हानी नोक्सानी पुग्न गएमा पिडित पक्षलाई घा खर्च र क्षतिपूर्तिको रकम चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छ* भन्ने उल्लेख भई ऐ. (१) (ख) मा *अंगअंग भएकोमा निको भइकन पनि काम नलाग्ने भए सो को क्षतिपूर्ति बापत तेश्रो पक्षको बीमा नगराएको भए यस ऐन बमोजिम तेश्रो पक्षले पाउने अंगभंगबापतको दुर्घटना बीमाको रकम र त्यस्तो अंग काम लाग्ने भए घा खर्च वापत पाँच हजार रुपैयाँ* भन्ने उल्लेख छ । ऐ दफा १६३(२) मा *अंगभंग भएको भए सो हुने व्यक्तिलाई घा खर्चको रकम उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले तत्कालै सवारी चालक, सवारी धनी वा व्यवस्थापकबाट भराई दिनु पर्छ* भन्ने उल्लेख भएको देखिंदा जुनसुकै किसिमबाट दुर्घटना भए पनि सवारी चालक, सवारी धनी वा व्यवस्थापकलाई घा खर्च र क्षतिपूर्ति दिनु भराउनु पर्ने दायित्वमा बाँधेको छ । यस वारदातमा प्रतिवादी दिनेश अधिकारीले आफुँले चलाएको सवारी साधनले राजेन्द्र तामाङलाई ठक्कर दिएको तथ्यलाई स्वीकारी सकेको अवस्थामा घाइते/पिडितले सवारी अङ्ग भङ्ग वापतको औषधि उपचार खर्च/क्षतिपूर्ति दिलाई भराई पाउनु पर्ने नै देखियो ।

१९. अब दोश्रो प्रश्न तर्फ बिचार गर्दा प्रतिवादी राजन श्रेष्ठले यस कार्यालय समक्षको वयानमा उल्लेखित नम्वरको जीप २०७०।२।१ मा नै दिनेश अधिकारीको दाजु ध्रुव अधिकारीलाई रकम पुरै चुक्ता गरेपछि नामसारी गर्ने गरी दिएको सवारी साधन हो । उक्त सवारी साधनले गर्ने सबै प्रकारका क्षति एवं दुर्घटनाको जिम्मेवारी सवारी चालक एवं भाडामा लिने व्यक्तिमा नै हुन्छ । अंगभंग क्षतिको जिम्मेवार म नभई सवारी चालक नै हुन्छ भनी वयान गरी ध्रुव अधिकारीसँग भएको सवारी भाडामा लिने

दिने सम्झौता पत्रको प्रतिलिपि समेत पेश गरेका रहेछन् । उल्लेखित सम्झौतापत्रमा उक्त सवारी साधनबाट भएको क्षति, दुर्घटना वापतको सम्पूर्ण जिम्मा सवारी साधन भाडामा लिने व्यक्तिमा निहित रहने गरी तथा उक्त सवारी साधनको मासिक किस्ता पुरा गरी भाडामा लिने व्यक्ति ध्रुव अधिकारीका नाउँमा नामसारी गर्ने शर्त उल्लेख भएको देखिन्छ । अर्कोतर्फ प्रतिवादी दिनेश अधिकारीले आफ्नो बयानमा सवारी साधनको स्वामित्व सम्बन्धमा कुनै जिकिर नलिएबाट सवारी साधनको तथ्यगत (De facto) धनी यी प्रतिवादी राजन श्रेष्ठ होइनन् भन्ने स्पष्ट हुन आएकाले घाइतेको घा खर्च र क्षतिपूर्तिको दायित्वबाट प्रतिवादी राजन श्रेष्ठले उन्मुक्ति पाउने ठहर्छ । निजले आफुले बिक्रि गर्ने सम्मका शर्त उल्लेख गरी अन्य व्यक्तिलाई भाडामा दिएको सवारी साधनबाट भएको दुर्घटना बापतको घा खर्च र क्षतिपूर्ति दिनु भर्नु पर्ने देखिएन ।

२०. प्रतिवादी चरी भन्ने दिनेश अधिकारीका हकमा बिचार गर्दा *मिति २०७०।३।२१ गते निज राजेन्द्र तामाङले बाटोमा मोटरसाइकल तेर्साएका कारण मैले गाडी रोकें, सोही बखत गोली हान्ने र खुकुरी समेत प्रहार गरी त्यस बखतमा आत्तिएर गाडी अनियन्त्रित भई ठोकिएको होला, मलाई थाह छैन । म आफ्नो ज्यान बचाउन तीर लागें । संयोगबस गोली पाखुरामा लागी बाचें । हाल घाइते अवस्थामा छु । मैले दुर्घटना गराई निज राजेन्द्र तामाङ घाइते भएको नभई निजहरुले आक्रमण गरी मलाई घाइते वनाएकाले गाडी अनियन्त्रित भई ठोकिन गएको अवस्थामा मैले क्षतिपूर्ति बुझाउनु पर्ने होइन । अभियोगबाट फुर्सद पाँउ* भनी यस कार्यालयमा वयान गरेबाट निजले चलाएको सवारी साधनले दुर्घटना गराएको तथ्यलाई स्वीकार गरेको र सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६३ ले जुनसुकै किसिमबाट दुर्घटना भए पनि सवारी चालक, सवारी धनी वा व्यवस्थापकलाई घा खर्च र क्षतिपूर्ति दिनु भराउनु पर्ने दायित्वमा बाँधेको देखिएकाले सवारी दुर्घटना बापतको घा खर्च र क्षतिपूर्ति दिनु भराउनु पर्ने दायित्व यी प्रतिवादी चरी भन्ने दिनेश अधिकारी उपर नै रहेको कुरा स्थापित हुन आयो । राजेन्द्र तामाङको औषधि उपचारको बीलहरु समेत मिसिल संलग्न रहेका र सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ५५ मा सवारी धनी वा व्यवस्थापकले तीन लाख रुपैयाँ बराबरको तेश्रो पक्षको बीमा गराउनु पर्ने उल्लेख भएको देखिन्छ ।

२१. प्रतिवादी दिनेश अधिकारी मिति २०७१।४।२१ गते काठमाण्डौं जिल्ला, भिमढुङ्गा गा.वि.स.वडा नं. ६ स्थित सडकमा प्रहरी कर्मचारीबाट आत्म-रक्षाको लागि जवाफी फायर हुँदा घाइते भई तत्काल उपचारार्थ अस्पताल तर्फ लैजान पहल गर्दा गर्दै मृत्यु भएको भन्ने मिसिल संलग्न कागजातहरुबाट देखिन्छ । मृत्यु भइ सकेका प्रतिवादीको दायित्व सम्बन्धमा केही विश्लेषण गर्नु सान्दर्भिक देखिन आयो । **फौजदारी मुद्दा लागेको मानिसको मुद्दा फैसला भइसके पछि निजको मृत्यु भएमा निजलाई लागेको जरिवाना, कैद वा बिशौंद माफी हुने कुराको व्यवस्था मुलुकी ऐन दण्ड सजाँयको महलको ३ नं. मा पाइन्छ भने मुद्दा चल्दा चल्दैको अवस्थामा मृत्यु भएमा के हुने भन्ने कुरा मुलुकी ऐन अदालती बन्दोवस्तको १७६ नं.मा गैह्र मुद्दामा अभियोग लागेको मानिस फैसला नहुदै म-यो भने सो मर्नेलाई खतबात लाग्दैन भन्ने व्यवस्था भएको पाइन्छ । अभियोगबाट सफाई पाउनु र सजाँय नहुनु अलग अलग कुरा हुन् । फौजदारी कानुनका विभिन्न उद्देश्यहरुमध्ये एउटा उद्देश्य भनेको अपराधीलाई सजाँय गरी त्यस अपराधी स्वयंलाई पुनः अपराध गर्नबाट रोक्नुका साथै त्यो सजाँयको भय देखाएर अरु व्यक्तिलाई पनि अपराधमूलक कार्य गर्नुबाट रोक्नु रहेको हुन्छ । सजाँय प्रदान गरेर सजाँयको भयबाट अपराध रोक्ने काम अपराधी जीवित रहेको अवस्थामा मात्र संभव हुन्छ । अपराध गर्ने व्यक्तिको मृत्यु भएको अवस्थामा भने अपराधीलाई कारागारमा राखी सजाँय कार्यान्वयन गर्न नसकिने भई फौजदारी कानुनको उद्देश्य पुरा नहुने भएकाले अपराधीलाई सजाँयबाट मुक्त गरिन्छ । नेपालको कानुनी प्रणालीले यसलाई अपराधीसँगै अपराध पनि मर्छ भन्ने सिद्धान्तको रुपमा अवलम्वन गरेको पाइन्छ ।अभियोग लागेको मानिसको मृत्यु भइ सकेकाले निजको नाउमा दण्ड जरिवानाको लगत सम्म नकसिने हो । अपराधको कारणबाट सिर्जित देवानी दायित्वबाट भने निज**

**मृतक वा निजको हकदार उम्कन पाउने अवस्था रहदैंन** भनी सम्मानित सर्वोच्च अदालतबाट बोलिएको पाइन्छ (सरिता बस्नेत वि. शा.ने.वा.नि., ने.का.प. २०६५, अंक २, पृ.२५८) । **क्षतिपूर्ति भराउने कार्य सजाँय नभई यो कार्य Civil Liability अन्तर्गत पर्ने कार्य हो । त्यसैले प्रतिवादी दोषी ठहर भए पछि क्षतिपुर्ति भराउने सम्बन्धमा न्यायको रोहमा अदालतले पनि बिगो रकम यकिन गर्न सक्दछ** भनी अर्को मुद्दामा बोलिएको छ (ने.का.प. २०६७, भाद्र, पृ. ७९४) । तसर्थ दुनियाँको बिगो तिर्नु पर्ने कर्तव्य वा दायित्व फौजदारी दायित्व नभई देवानी दायित्व अन्तर्गतको भएको र त्यस्तो दायित्व आफुले मात्र नभई त्यस्तो व्यक्तिको हकवाला एवं अंश खाने अंशियारहरुले समेत वहन गर्नु पर्ने भएकाले जाहेरवालाबाट पेश भई मिसिल संलग्न बील भरपाइ छानबीन गर्दा देखिएको वास्तविक औषधी उपचार खर्च (सवारी अंगभंग बापतको घा खर्च) र क्षतिपूर्ति वापत रु.१,५०,०००/-(एक लाख पचास हजार रुपैयाँ) प्र. दिनेश अधिकारीले घाइते राजेन्द्र तामाङलाई दिलाई भराई दिने ठहर्छ । अरुमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएँ ।

## तपसील

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी दिनेश अधिकारीबाट राजेन्द्र तामाङले सवारी अंगभंग बापतको घा खर्च) र क्षतिपूर्ति वापत रु.१,५०,०००/-(एक लाख पचास हजार रुपैयाँ) दिलाई भराइ पाउने ठहरेकोले उक्त रकम दिलाई भराई पाँउ भनी ऐनका म्याद भित्र राजेन्द्र तामाङका तर्फबाट निवेदन परे यस कार्यालयको मिति २०७०।४।१७ गतेको आदेश बमोजिम प्र. दिनेश अधिकारीले र.नं.२६५ बाट राखेको रु १,५००००।-(एकलाख पचास हजार ) धरौटी रकमबाट दिलाई भराई दिनू ..........................................................................................१

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भनी मिसिलबाट हालसम्म मृतक प्रतिवादी दिनेश अधिकारीको नजिकका हकदार देखिन आएका एवं निजका पिता रामचन्द्र अधिकारीलाई पुनरावेदन म्याद दिनू........................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई प्रस्तुत फैसलाको जानकारी दिनु...................................................................................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू....४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ............................................................५

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले टिपाए बमोजिम
टिपी कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा/ना.सु. भुवराज घिमिरे
प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

..................................
( एकनारायण अर्याल )
प्रमख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल फाल्गुण १७ गते रोज १ शुभम् .............